हस्तकला समाचार
मुखपत्र
नेपाल हस्तकला महासंघ

वर्ष १५ फागुन २०६५ अंक ९६

# विभिन्न महोत्सवहरूको अध्ययन अध्ययन अवलोकन भ्रमण

*हस्तकला उद्योग व्यवसायको विकास एवं प्रबर्द्धन गर्ने लक्ष्य अनुरुप महासंघले देशको विभिन्न जिल्लाहरुमा उत्पादित स्थानीय हस्तकला वस्तुस्थिति सम्बन्धी जानकारी संकलन गर्नुका साथै निकासी योग्य वस्तुको पहिचान गरी हस्तकलाको बजार प्रबर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले यस महासंघद्वारा विभिन्न समयमा विभिन्न औद्योगिक व्यापार मेला, प्रदर्शनी तथा महोत्सवको अध्ययन अवलोकन भ्रमणको आयोजना गर्दै आएको छ। यसै सन्दर्भमा यस महासंघद्वारा २०६५ माघ २ देखि ५ गतेसम्म चितवन महोत्सव तथा म्याग्दी महोत्सवको अध्ययन अवलोकन भ्रमण कार्यक्र सम्पन्न गरियो। यस महासंघका कार्य समिति सदस्य श्री यज्ञमान शाक्य संयोजक र कार्यसमिति सदस्य श्री सुरजमान बज्राचार्य सह संयोजक रहेको उक्त भ्रमण टोलीमा महासंघका कर्मचारी एवं सदस्य हस्तकला उद्यमी, व्यवसायी तथा निकासीकर्ताहरु गरी १४ जनाको सहभागिता रहेको थियो।*



*नारायणगढ उ.वा.संघका अध्यक्षबाट महोत्सवको सोभिनियर एवं जानकारीमूलक समामाग्री भ्रमण टोलीका संयोजकलाई प्रदान गर्दै*

यस क्रममा महासंघका कार्य समिति सदस्य श्री यज्ञमान शाक्यको नेतृत्वमा भ्रमण टोली २०६५ माघ २ गते चितवन महोत्सव अवलोकनका लागि चितवन प्रस्थान गरियो। सो क्रममा महोत्सव आयोजकको सचिवालयमा पुगी भ्रमण टोलीले महोत्सव आयोजक नारायणगढ उद्योग वाणिज्य संघका पदाधिकारीहरु र अन्य सम्बद्ध पदाधिकारीहरुसंग भेटी आपसी परिचय आदान प्रदान गर्नुका साथै मेला र चितवनको स्थानीय हस्तकला उद्योग व्यवसायको वस्तुस्थितिबारे जानकारी लिइयो। उक्त अवसरमा भ्रमण टोलीको स्वागत गर्दै चितवन महोत्सव मूल आयोजक समितिका संयोजक एवं नारायणगढ उद्योग वाणिज्य संघका अध्यक्ष श्री मित्रराज दवाडीले महोत्सवको पृष्ठभूमि, उद्देश्य, लक्ष्य, कार्यक्रम एवं मेलाको विविध पक्षबारे विस्तृत जानकारी गराउनु भयो।

## यस भित्र .....

* विभिन्न महोत्सव अध्ययन अवलोकन
* हस्तकला उद्यमीहरुका लागि बैंकिंग जागरण कार्यक्रम
* लमजुङ्गमा हस्तकला संघ तदर्थ समिति गठन
* भादगाउँले टोपी वस्तुस्थिति अध्ययन अवलोकन भ्रमण
* महासंघको सूचना तथा परिपत्र
* हस्तकला जिल्ला तथा वस्तुगत संघहरुको गतिविधि
* विविध

उक्त अवसरमा हस्तकला उद्योग व्यवसायको विकास सम्भाव्यता एवं प्रबर्द्धन क्रियाकलाप संचालन सहकार्य सम्बन्धमा पनि छलफल भएको थियो। उक्त अवसरमा सो संघका अध्यक्षले चितवनमा हस्तकला उद्यमी व्यवसायीहरु न्यून रहेको र विविध कारणले गर्दा स्थानीय हस्तकलाको प्रबर्द्धन हुन नसकेको बताउँदै प्रमुख पर्यटकीय गन्तव्यको रुपमा रहेको चितवनको सौरहामा नेपाली हस्तकला एवं उपहार सामानको ठुलो प्रलर्शनी कक्ष (शो रुम) संचालनका लागि पहल गर्न महासंघलाई आग्रह गरिएको थियो। सो क्रममा भ्रमण टोलीका संयोजक श्री यज्ञमान शाक्यले भ्रमणको उद्देश्यबारे प्रकाश पार्नुभयो। कार्यक्रममा सो संघका अध्यक्षबाट यस महासंघको भ्रमण टोलीका संयोजकलाई महोत्सवको चिनो प्रदान गरिएको थियो भने महासंघको तर्फबाट पनि मायाको चिनो प्रदान गरिएको थियो।



*लमजुंग उ.वा. संघका पदाधिकारी लगायत स्थानीय उद्यमीसंग भ्रमण टोलीका सहभागीहरू अन्तरक्रिया गर्दै*

यसैगरी भ्रमण टोलीले २०६५ माघ ३ गते म्याग्दीको बेनी बजारमा म्याग्दी उद्योग वाणिज्य संघद्वारा आयोजित म्याग्दी महोत्सव अवलोकन गरियो। महोत्सव स्थल पुग्दा आयोजक समितिका पदाधिकारी र म्याग्दी हस्तकला संघका पदाधिकारीहरुबाट यस महासंघका भ्रमण टोलीको हार्दिक स्वागत गर्नुका साथै महोत्सवका सहभागीहरुको स्थलको अवलोकन गराई तहाँको स्थानीय उत्पादन एवं हस्तकला उद्योग व्यवसायको वस्तुस्थिति बारे जानकारी गराईयो।

(.......बाँकी पृष्ठ २ मा)

## महोत्सवहरूको अध्ययन अध्ययन अवलोकन भ्रमण (.......पृष्ठ १ को बाँकी अंश)

तत्पश्चात २०६५ माघ ४ गते विहान म्याग्दी हस्तकला संघ र हेको कार्यकक्षमा पुगी भ्रमण टोली र म्याग्दी हस्तकला संघका पदाधिकार ी लगायत कार्य समिति सदस्यहरु र स्थानीय हस्तकला उद्यमी व्यवसायीहरुबीच परिचयात्मक कार्यक्रम र अन्तरक्रिया सम्पन्न भयो । सो कार्यक्रममा स्वागत मन्तव्य राख्दै म्या.उ.वा. संघका अध्यक्ष श्री सुर्यप्रसाद मर्सानीले म्याग्दीको उद्योग वाणिज्य क्षेत्रको व्यवस्थित विकासका लागि उक्त संघले सक्रिय पहल गर्दै आएको चर्चा गर्दै स्थानीय हस्तकलाको सांगठित विकासका लागि म्याग्दी जिल्ला हस्तकला संघको गठन भईसकेको बताउँदै महासंघले यसलाई प्रभावकारी रुपमा अगाडि बढाउन आवश्यक मर्ग निर्देशन र सहयोगका लागि आग्रह गर्नुभयो । यस क्रममा भ्रमण टोलीका संयोजकले म्याग्दीको हस्तकला



*चितवन महोत्सव अवलोकनको क्रममा सहभागीहरुको समूहगत फोटो*

वस्तुस्थिति अध्ययनको क्रममा गत श्रावणमा आफु तहाँ आइसकेको स्मरण गराउँदै र महोत्सवको अवसरमा तहाँको स्थानीय हस्तकला लगायत अन्य उत्पादन सम्बन्धी अध्ययन अवलोकन गर्ने उद्देश्यले हस्तकला उद्यमी व्यवसायी तथा निकासीकर्ताको टोली सहित यस अपलोकन भ्रमणमा आएको बताउनु भयो । यस क्रममा उहाँले महोत्सवको प्रत्यक्ष अवलोकनबाट पनि सहभागीहरुले स्थानीय रुपमा उत्पादित आकर्षक हस्तकलाका वस्तुहरु प्रदर्शन गरिएको पाइएको बताउँदै तहाँ हस्तकलाको विकास संम्भाव्यता प्रचुर रहेको बताउनु भयो । यस क्रममा उहाँले म्याग्दी हस्तकला संघलाई चाँडै महासंघको सदस्यता प्रदान गर्ने कार्यक्रम रहेको बताउँदै यसको संस्थागत विकास एवं स्थानीय हस्तकलाको प्रबर्द्धनका लागि महासंघले आउने दिनमा सक्दो सहयोगका लागि पहल गर्ने बताउनु भयो । कार्यक्रममा सो संघकी अध्यक्ष श्री साधना कुमारी श्रेष्ठ र सचिव श्री शंकर सुवेदीले संघको उद्देश्य, लक्ष्य र स्थानीय हस्तकलाको वस्तुस्थितिबारे विस्तृत जानकारी गराउनु भयो । तत्पश्चात भएको छलफल एवं अन्तर क्रियामा उपस्थित स्थानीय उद्यमी व्यवसायीले हस्तकला क्षेत्रमा विद्यमान समस्या र हस्तकलाको व्यवसायिक अवस्थाबारे अनुभव आदान प्रदान गरेका थिए ।

यसै सिलसिलामा यस महासंघका महासचिव श्री धर्मराज शाक्यको संयोजकत्वमा १६ सदस्यीय टोलीद्वारा २०६५ माघ २७ र २८ गते लमजुङ्ग महोत्सवको अध्ययन अवलोकन गरियो । उक्त अवसरमा भ्रमण टोलीद्वारा महोत्सवको अवलोकन गरी तहाँको स्थानीय हस्तकला वस्तुहरु र व्यवसायिक वस्तुस्थितिबारे जानकारी हासिल गरेका थिए । उक्त अवसरमा भ्रमण टोलीद्वारा लमजुङ्ग उद्योग वाणिज्य संघ, लमजुङ्ग हस्तकला संघ तदर्थ समितिका पदाधिकारी, सदस्यहरु एवं स्थानीय हस्तकला उद्यमी व्यवसायीहरुसंग भेटघाट तथा हस्तकला प्रबर्द्धन सम्बन्धी अन्तरक्रिया गरेको थियो । घरेलु तथा साना उद्योग बिकास समितिका बरिष्ठ अधिकृत श्री यादव प्रसाद शर्माको उपस्थिति रहेको सो कार्यक्रममा स्वागत मन्तव्य राख्दै ल.उ.वा.संघका अध्यक्ष श्री प्रमोद श्रेष्ठले भ्रमण टोलीको स्वागत गर्दै महोत्सव आयोजनाको उद्देश्य, लक्ष्य एवं कार्यक्रमको बारे विस्तृत जानकारी गराउनु भयो । यसैगरी कार्यक्रममा लमजुङ्ग हस्तकला संघ तदर्थ समितिका सचिव श्री पशूपति न्यौपानेले ९ सदस्यीय तदर्थ समिति बनेको एक दूई दिनभित्रै लमजुङ्ग हस्तकला उद्योग संघको बिधिवत दर्ता भएको जानकारी दिँदै तहाँको स्थानीय हस्तकलाको विकास एवं प्रबर्द्धनका लागि संघ सक्रिय रुपमा लाग्ने बताउनु भयो । सो क्रममा भ्रमण टोलीका संयोजक एवं यस महासंघका महासचिवले महोत्सव आयोजनाबाट स्थानीय रुपमा उद्यमीहरुबाट तयार पारिएको हस्तकला लगायत अन्य उत्पादित वस्तुको स्वदेशमा बिक्री तथा बिदेशमा निर्यात बढाउन सघाउ पूग्ने अपेक्षा गर्दै तहाँको स्थानीय हस्तकला वस्तुको व्यवसायिक वस्तुस्थितिबारे अवलोकन गर्ने उद्देश्यले यस भ्रमणका आयोजना गरेको बताउनु भयो । यस क्रममा उहाँले लमजुङ्ग हस्तकला संघको माध्यमबाट स्थानीय हस्तकलाको विकास एवं प्रबर्द्धनका लागि महासंघले सक्दो सहयोग एवं पहल गर्ने बताउनु भयो ।

यस क्रममा यस महासंघका पुर्व अध्यक्ष श्री ईन्द्र बहादुर शाक्य र लमजुङ्ग उद्योग वाणिज्य संघका द्वितिय उपाध्यक्ष श्री राम कूमार श्रेष्ठ, लमजुङ्ग घरेलु समितिका वरिष्ठ अधिकृत श्री यादव प्रसाद शर्मा लगायतका वक्ताले स्थानीय एवं स्वदेशी सीप, श्रोत साधनको अधिकतम परिचालन गरी घरेलु उद्योग एवं हस्तकला उद्योग व्यवसायिक प्रबर्द्धन सम्बन्धमा विचारहरु राख्नु भयो ।



*म्याग्दी हस्तकला संघका पदाधिकारी र स्थानीय उद्यमीहरुसँगको समूहगत फोटो*

# विभिन्न महोत्सव अध्ययन अवलोकन भ्रमणका सहभागिहरू

| लमजुङ्ग महोत्सव भ्रमणका सहभागीहरु<br>२०६५ माघ २७ र २८ गते | | | चितवन, म्याग्दी महोत्सव भ्रमणका सहभागीहरु<br>२०६५ माघ २ देखि ५ गतेसम्म | |
|---|---|---|---|---|
| सि.नं. | नाम | पद/फर्म | श्री यज्ञमान शाक्य | का.स.स., ने.ह.महासंघ |
| १. | श्री धर्मराज शाक्य | महासचिव, ने.ह.महासंघ | श्री सुरजमान बज्राचार्य | का.स.स., ने.ह.महासंघ |
| २. | श्रीमती दिब्यतारा तूलाधर | का.स.स., ने.ह.महासंघ | श्री बज बहादुर शिल्पकार | नेपाल काष्ठकला संघ |
| ३. | श्रीमती यशोदा वैद्य | का.स.स., ने.ह.महासंघ | श्री निलमकृष्ण शिल्पकार | नेपाल काष्ठकला संघ |
| ४. | सूश्री शोभा शाक्य | का.स.स., ने.ह.महासंघ | श्री दिलकृष्ण प्रजापति | नेपाल सेरामिक संघ |
| ५. | श्री ईन्द्र बहादुर शाक्य | पुर्व अध्यक्ष | श्री रत्न प्रसाद प्रजापति | भक्तपुर हस्तकला संघ |
| ६. | श्रीमती सरिता तूलाधर | स्वनिग डिजाईन | श्री सिद्धिरत्न शाक्य | |
| ७. | श्री तारण बहादूर शाक्य | | श्री ब्रम्हदेव शाक्य | |
| ८. | श्री यज्ञमान शाक्य | पिस जोन क्राफ्ट | श्री सजिल शाक्य | मित्ता ट्रेडर्स |
| ९. | श्री रुपरत्न शाक्य | | श्री निल महर्जन | चन्द्र सूर्य हस्तकला उद्योग |
| १०. | श्री प्रदिप बज्राचार्य | | श्रीमती रोशनी तूलाधर | क्वील्टेड क्राफ्ट |
| ११. | श्री नारायण गोपाल | World Trade Export & Import | श्रीमती चिरञ्जीवी श्रेष्ठ | एम.आर.नट क्राफ्ट |
| १२. | श्री दिनेश साखः | बिशू ईन्टर प्राईजेज | श्री गौतम तूलाधर | अन्नपूर्ण ह्याण्डीक्राफ्ट |
| १३. | श्रीमती शान्ति वैद्य | समस्ति हाण्डिक्राफ्ट | श्री देवराज बज्राचार्य | सहायक सचिव, ने.ह.म. |
| १४. | श्रीमती कमला ताम्राकार | | | |
| १५. | श्रीमती अमोग तूलाधर | क्विल्टेड क्राफ्ट | | |
| १६. | श्री सुर्यभगवान धाख्वा | | | |
| १७. | श्रीमती रेखा रेग्मी | कर्मचारी, ने.ह.महासंघ | | |

# हस्तकला उद्यमीहरूका लागि बैंकिंग जागरण कार्यक्रम

*नेपालमा कृषि तथा ग्रामिण अर्थतन्त्र विकासका लागि आवश्यक वित्तिय सेवा प्रदान गर्न कृषि विकास बैंकले विगत ४१ वर्षदेखि समयसापेक्ष विभिन्न कार्यहरु गर्दै आएको छ। यस बैंकले वि.सं. २०४१ देखि उपभोक्ताहरुको माग अनुरुप वाणिज्य बैंकंग कारोबार संचालन गर्दै आएको छ। देशको ७५ वटै जिल्लामा गरी २४१ कार्यालय रहेको यस बैंकले समयसापेक्ष कृषि, ग्रामिण लगायत अन्य क्षेत्रका व्यवसायीहरुको हित प्रबर्द्धनका लागि कार्य गर्दै आएको छ। यस क्रममा कृषि विकास बैंक लि. र यस महासंघको संयुक्त आयोजनामा २०६५ माघ ६ गते काठमाडौंमा हस्तकला उद्यमी व्यवसायीहरुका लागि बैंकिंग जागरण कार्यक्रम आयोजना गरियो।*

उक्त अवसरमा सो बैंकका प्रमुख कार्यकारी अधिकृत श्री जनकराज शाहले कार्यक्रमको उद्देश्य एवं बैंकको कार्यक्षेत्र एवं हस्तकला क्षेत्रमा यसको उपयोगिताबारे प्रकाश पार्नुभयो। साथै उहाले स्वदेशी सीप एवं श्रोत साधनको परिचालनबाट धेरैलाई स्वरोजगार प्रदान गर्ने क्षेत्र हस्तकला भएको हुदा यसमा संलग्न उद्यमी व्यवसायीहरुलाई सहज एवं सहुलियत कर्जाको व्यवस्था गर्न सो बैंकले सक्दो सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो। यस क्रममा कृषि विकास बैंकसंग सहकार्य गरी यस प्रकारको उपयोगी कार्यक्रम गर्न पाएकोमा खुशी व्यक्त गर्दै यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले हस्तकला क्षेत्र एवं यसमा संलग्न साना उद्यमी व्यवसायीहरुको व्यवसायिक हित एवं प्रबर्द्धनका लागि आउने दिनमा आवश्यक सहयोग प्राप्त हुने अपेक्षा गर्नुभयो। यस क्रममा उहाले बैंकको सेवामा ढिलासुस्ती र प्रक्रियागत झन्झट हुने गरेको उल्लेख गर्दै बैंकको सेवा एवं कारोबारमा समयसापेक्ष सुधार गर्न आग्रह गर्नुभयो।

(....पृष्ठ ३ को बाँकी )

## हस्तकला उद्यमीहरूका लागि बैंकिंग जागरण कार्यक्रम

यसैगरी सो अवसरमा बैंक कार्यक्रममा सहभागीहरुलाई कृषि विकास बैंकको वर्तमान कारोबार वस्तुस्थिति, कार्य, प्रणाली, कर्जा रणनीति तथा सेवाबारे सहभागी हरुलाई विविध जानकारी प्रदान गरियो यस क्रममा सो बैंकमा कार्यरत शाखा प्रमुख एवं विज्ञहरु श्री मृगेन्द्र रिमालले बैंकिंग प्रणाली तथा निक्षेप कारोबार सम्बन्धमा र श्री तोयनाथ पाण्डेले बैंकको कर्जा सेवा तथा बैंकको सेवा सम्बन्धी विस्तृत जानकारी गराउनु भयो ।

विज्ञहरुबाट विषयगत प्रस्तुति पश्चात सहभागीहरुले विभिन्न जिज्ञासाहरु राखिएकोमा सम्बन्धित विज्ञहरुबाट पारिएको थियो । कार्यक्रममा महासंघका पदाधिकारी, कार्य समिति सदस्य, सो बैंकका पदाधिकारी लगायत विभिन्न विधाका हस्तकला व्यवसायमा संलग्न उद्यमी व्यवसायीहरु गरी ४० जनाको सहभागिता रहेको थियो । उक्त अवसरमा हस्तकला क्षेत्रमा संलग्न साना उद्यमी व्यवसायीहरुलाई व्यवसाय संचालनका लागि सहज एवं सहुलियत कर्जाको सेवा प्रदान गर्दै आगामी दिनहरुमा हस्तकला क्षेत्रको प्रबर्द्धनात्मक क्रियकलापमा सहकार्य गर्दै जाने समेत प्रतिबद्धता व्यक्त गरिएको थियो ।



*बैंकिंग जागरण कार्यक्रमको फोटो झलक*

## लमजुङ्गमा हस्तकला उद्योग संघ तदर्थ समिति गठन

नेपाल हस्तकला महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यको प्रमुख आतिथ्य र लमजुङ्ग उद्योग वाणिज्य संघका अध्यक्ष श्री प्रमोदकुमार श्रेष्ठको सभापतित्वमा लमजुङ्गमा २०६५ माघ ३ गते भएको स्थानीय उद्यमी व्यवसायीहरुको भेलाबाट लमजुङ्ग जिल्लामा हस्तकला विकासका लागि स्थानीय उद्यमी श्री मणिलाल वि.क.को संयोजकत्वमा ९ सदस्यीय लमजुङ्ग हस्तकला उद्योग संघ तदर्थ समितिको गठन गरिएको छ ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले नेपाल हस्तकला महासंघले हस्तकला क्षेत्रको विकास एवं प्रबर्द्धनका लागि निर्वाह गर्दै आएको भूमिका, कार्य र उद्यमी व्यवसायीहरुले उद्यमशीलता विकासको लागि गर्नुपर्ने कार्यका बारेमा विवेचना गर्नुभयो । सोही अवसरमा नेपाल हस्तकला महासंघबाट जानु भएका परम्परागत श्रोत साधन विज्ञ डा. ऋद्धिवीर सिं ले स्थानीय श्रोत साधनमा आधारित परम्परागत वस्तुहरुलाई समयानुकुल सुधार गर्न सकेमा स्थानीय हस्तकलाको विकासमा महत्वपूर्ण योगदान पुग्ने विचार व्यक्त गर्नुभयो । सो क्रममा नेपाल हस्तकला महासंघकी महिला उद्यमी सदस्य श्रीमती श्यामबदन श्रेष्ठले सानो पूँजीको लगानी तथा स्थानीय सीप र कच्चा पदार्थ प्रयोग गरी व्यवसाय संचालन गर्न सकिने क्षेत्र हस्तकला भएकोले घरेलु रुपमा महिलाहरुले यो व्यवसाय संचालन गर्न सक्ने प्रचुर सम्भाव्यता रहेको उल्लेख गर्नुभयो ।

उक्त कार्यक्रममा लमजुङ्ग उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष श्री पूर्णलाल श्रेष्ठ, पूर्व अध्यक्ष धर्मराज श्रेष्ठ, परामर्श समितिका सदस्य श्री दीपक बराल, स्थानीय गैर सरकारी संस्थाका लगायतका बक्ताहरुले आ-आफ्ना विचार राख्नु भएको थियो । हालै यस संघको गठनबाट लमजुङ्गमा स्थानीय हस्तकलाको विकासमा महत्वपूर्ण टेवा पुग्ने अपेक्षा गरिएको छ । गठित लमजुङ्ग हस्तकला उद्योग संघ तदर्थ समितिमा देहाय बमोजिम सदस्यहरु रहेको छ ।

# लमजुङ्ग हस्तकला उद्योग संघ तदर्थ समिति पदाधिकारी तथा सदस्यहरु

| क्र.सं. | नाम | पद | व्यवसाय |
|---|---|---|---|
| १ | मणिलाल बि.क. | संयोजक | सुन चाँदीका गरगहना |
| २ | दिलमाया गुरुङ्ग | उपाध्यक्ष | ढाका कपडा |
| ३ | पशुपति न्यौपाने | सचिव | बाँस निगालो |
| ४ | रीता तामाङ्ग | कोषाध्यक्ष | ढाका कपडा |
| ५ | चन्द्रकुमारी गुरुङ्ग | सदस्य | अल्लो र ऊनी |
| ६ | नन्दमाया घले | सदस्य | राडी पाखी |
| ७ | प्रेमबहादुर श्रेष्ठ | सदस्य | काष्ठकला |
| ८ | लक्ष्मी गुरुङ्ग | सदस्य | ढाका कपडा |
| ९ | बाबुराम वि.क. | सदस्य | सुन चाँदीका गरगहना |

## भादगाउँले टोपी सम्बन्धी अध्ययन अवलोकन

*कुनै पनि ठाउँ वा देश विशेषको पहिचान तहाँको भेषभूषा, पहिरन, लवाईखवाईले स्पष्ट तुल्याएको हुन्छ । यस्तैमा परम्पराकालदेखि चल्दै आएको हातको सीपबाट बन्ने भादगाउँले टोपीले नेपालको पहिचान गराउँदछ । भादगाउँले टोपीको प्रयोग नेपालमा खास गरी मल्लकालिन युगदेखि भएको पाइन्छ । झल्काईरहेको हुन्छ । तत्पश्चात विशेष गरी उपत्यकाभित्रका नेवार समुदायहरुमा बढी प्रचलित यस टोपीले स्थानीय कला संस्कृति एवं पहिचान झल्काउन मद्दत गर्दछ । समयको प्रवाहसंगै विभिन्न आधुनिक टोपीहरुको उतपादनले परम्परागत संस्कार छुट्दर्दै जाँदा समाजमा व्यवहारमा राष्ट्रियताको पहिचानको रुपमा रहेको भादगाउँले टोपीको प्रयोग कम हुँदै हाल यसको अस्तित्व समेत गुम्ने स्थितिमा पुगेको छ । यस टोपीको संरक्षण एवं सम्बर्द्धनका लागि सम्बन्धित पक्षले समयमा सोच्नु नितान्त आवश्यक देखिन्छ ।*

यस क्रममा भादगाउँले टोपी उत्पादन एवं प्रयोग वस्तुस्थितिबारे अध्ययन गर्नुका साथै यसको संरक्षण, सम्बर्द्धन पहलबारे जानकारी लिन र लोप हुन लागेको भादगाउँले टोपीकोबारे अभिलेख संकलन गरी उपयुक्त प्रबर्द्धन उपाय पहिल्याउने उद्देश्यले यस महासंघको नवोदित वस्तु विकास समितिद्वारा २०६५ माघ १९ गते भक्तपुरमा भादगाउँले टोपी सम्बन्धी अध्ययन भ्रमण गरियो । महासंघका कार्य समिति सदस्य एवं सो वस्तु समितिका सभापति श्री सरजमान बज्राचार्यको नेतृत्वमा गएको उक्त टोलीमा समितिका सदस्यहरु, कर्मचारी एवं व्यवसायीहरु गरी ८ जनाको सहभागिता रहेको थियो ।

भादगाउँ अर्थात भक्तपुरमा मात्र उत्पादन हुने भएकोले यस टोपीलाई भादगाउँले टोपीको रुपमा चिनिन्छ । अध्ययन टोलीका अनुसार कुनैबेला यस टोपीको उत्पादनबाट धेरैलाई स्वरोजगारको अवसर प्राप्त भएता पनि बर्तमान अवस्थामा विभिन्न कारणहरुले गर्दा यसमा संलग्न उद्यमी व्यवसायीहरु अन्य पेशातिर लागेको हुँदा वस्तु लोप हुने अवस्थामा पुगेको बताइएको छ । हाल यो टोपी मुख्य तया स्काउट, सैनिक तथा प्रहरीद्वारा संचालित विद्यालयहरुले उपयोग गर्दै आएको छ । नेपाल, भारतको बजारमा यसको राम्रो माग रहेको छ भने अझै पनि नेपाल भ्रमणमा आउने विदेशीहरुले धेरै मन पराउने गरेको पाइन्छ । यस क्षेत्रबाट सन्तोषजनक लाभ नभएको कारण हाल सिमित परिवार मात्र संलग्न रहँदै आएको परिप्रेक्ष्यमा भादगाउँले टोपीले बोकेको राष्ट्रिय पहिचानको सदा संरक्षणका लागि सरकार लगायत सम्बन्धित क्षेत्रले विशेष ध्यान दिनुपर्ने व्यवसायीहरुले बताइएको छ । यसका लागि यस सीपको सहजीकरण गरी युवा पुस्तामा सीप हस्तान्तरण गर्नुपर्नेमा पनि व्यवसायीहरुले जोड दिएका छन् ।



*भादगाउँले टोपी उत्पादन प्रक्रिया सम्बन्धी जानकारी लिंदै*

# महासंघको सूचना तथा परिपत्र

## संशोधित विधान अनुरुप संगठित सदस्यहरुको वर्गीकरण सम्बन्धी सूचना

१. मिति २०६५ मार्ग २ र ३ गते सम्पन्न विशेष साधारण सभाबाट संशोधित महासंघको विधान जिल्ला प्रशासन कार्यालयबाट स्वीकृत भएको हादा संशोधित विधान एक प्रति सदस्य महानुभावहरुलाई पठाइएको व्यहोरा सूचित गरिन्छ ।

२. संशोधित विधान अनुरुप साविक संगठित सदस्यलाई उद्योग र बाणिज्य सदस्यमा वर्गिकरण गर्ने कार्य सचिवालयबाट भइरहेको छ । तर यस सिलसिलामा कतिपय सदस्यहरुको अभिलेख प्राप्त नभएको हुनाले सदस्यता अद्यावधिक गर्ने काममा ढिलाई भइरहेको छ । तसर्थ, महासंघमा अभिलेख बुझाउन बाकी सदस्य महानुभावहरुलाई २०६५ फागुन ५ गते सोमबार दिनको ५.०० बजे भित्र आफनो उद्योग, फर्म, सहकारी, गैरसरकारी संस्था, कम्पनी आदि सम्बन्धित निकायमा दर्ता गरेको अभिलेखको प्रतिलिपी महासंघमा उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

३. सहकारी संस्था, प्रा.लि. कम्पनी तथा गैर सरकारी निकायको रुपमा दर्ता भएका साविक संगठित सदस्यहरु संशोधित विधान अनुसार बाणिज्य वा उद्योग मध्ये एक वर्गमा राख्नु पर्ने भएकोले आफनो संस्था कुन वर्गिकरणमा राख्ने हो भन्ने विषयमा महासंघलाई २०६५ फागुन ५ गते सोमबार दिनको ५.०० बजे भित्र लिखित रुपमा जानकारी गराइदिनुहुन अनुरोध गरिन्छ ।

४. संशोधित विधानको दफा नं ३.२. क १.६ अनुसार अब देखी महासंघमा एसोसिएट सदस्य समेत रहने भएकोले साबिक संगठित सदस्यहरु मध्ये इच्छुक सदस्य महानुभावहरुलाई एसोसिएट सदस्यमा परिणत गर्नको निमित्त २०६५ फागुन ५ गते सोमबार दिनको ५.०० बजे भित्र महासंघमा निवेदन दिनुहुन अनुरोध गरिन्छ। एसोसिएट सदस्यताको निमित्त कार्यसमितिबाट प्रवेश शुल्क रु २,०००/ र बार्षिक सदस्यता शुल्क रु १,५००/ तोकिएको व्यहोरा समेत जानकारी गराइन्छ । साथै, महासंघका साविक सदस्यहरुले एसोसिएट सदस्यता लिनको लागि प्रवेश शुल्क तिर्नु नपर्ने र बार्षिक शुल्कको हकमा थप शुल्क मात्र बुझाए हुने समेत जानकारी गराइन्छ ।

५. संशोधित विधानको दफा नं ३.१० अनुसार एक वर्गको सदस्यले अर्को वर्गमा आफनो सदस्यता परिणत गर्न सक्ने र निजको पुरानै सदस्य नं कायम हुने व्यबस्था भएकोले इच्छुक सदस्य महानुभावहरुलाई सदस्यता परिबर्तनको निमित्त २०६५ फागुन ५ गते सोमबार दिनको ५.०० बजे भित्र निवेदन दिनुहुन अनुरोध गरिन्छ ।

६. विधान संशोधन पश्चात सदस्यताको अभिलेख अद्याबधिक भइसकेपछि मात्र साधारण सभा बोलाई कार्यसमितिको निर्वाचन गराउन सकिने भएको हुनाले २०६५ चैत्र महिना भित्र साधारण सभा बोलाउने तयारी भइरहेको व्यहोरा समेत जानकारी गराइन्छ।

७. अन्य जानकारीको लागि महासंघको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

**पुनश्च** : माथि उल्लेखित प्रयोजनको सन्दर्भमा अन्तिम म्याद २०६५ फागुन ५ गते तोकिएको भए तापनि सदस्य महानुभावहरुको सुविधाका लागि यही २०६५ फागुन १५ गतेसम्म माथि उल्लेखित कार्य सम्पन्न गर्न हुन समेत महासंघ हार्दिक अनुरोध गर्दछ ।

## महासंघको नव वर्ष २०६६ सालको रंगिन भित्तेपात्रो प्रकाशन सम्बन्धी सूचना

उपर्युक्त सम्बन्धमा यस महासंघको प्रकाशन सम्बन्धी नियमित कार्यक्रम अनुसार यस वर्ष पनि महासंघद्वारा रंगिन भित्तेपात्रो प्रकाशन गरिने व्यहोरा सम्पूर्ण सदस्य महानुभावहरुमा सहर्ष जानकारी गराइन्छ । साथै उक्त भित्तेपात्रोमा विगत वर्षहरुमा झैं महासंघका सदस्यहरुको व्यावसायिक प्रचार प्रसार गर्न टेवा पुगोस भन्ने उदेश्यले सीमित संख्यामा व्यावसायिक विज्ञापन समावेश गर्ने तय गरिएको छ । उक्त भित्ते पात्रोमा प्रति एकको रु. ५,०००। विज्ञापन शुल्क लिने गरी १२ वटा सदस्य फर्म/कम्पनीहरुको मात्र विज्ञापन समावेश गरिने हुँदा ईच्छुक सदस्य महानुभावहरुले २०६५ फागुन मसान्तभित्र महासंघको सूचना कक्षमा विज्ञापन विवरण सहित सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ। तोकिएको म्यादभित्र बढी संख्यामा विज्ञापनहरु प्राप्त हुन आएता पनि पहिलो प्राप्त विज्ञापनलाई पहिलो प्राथमिकताको आधारमा समितिको निर्णय अनुसार १२ वटा मात्र विज्ञापन समावेश गरिने व्यहोरा समेत अनुरोध गरिन्छ ।

## हस्तकला जिल्ला एवं वस्तुगत संघ गतिविधिहरू

# लोक्ता हाते कागज तथा कागजजन्य वस्तु विकास परियोजना शुभारम्भ कार्यक्रम

नेपाली हाते कागजजन्य वस्तुको विकास एवं व्यवसायिक प्रर्वनका लागि यस महासंघको वस्तुगत संघ नेपाल हाते कागज संघले शुरुदेखि विभिन्न प्रवर्द्धनात्मक कार्यहरु गर्दै आएको छ । नेपालमा लोक्ता हातेकागज र कागजजन्य वस्तुको दिगो विकास एवं प्रबर्द्धन सम्बन्धी परियोजना संचालन गर्न युरोपियन कमिसनबाट सहयोग प्राप्त भएको जनाइएको छ । नेपाली हाते कागज क्षेत्रको प्रवर्द्धनका लागि सो संघको नेतृत्वमा सन् २००९ जनवरी १५ देखि सन् २०१२ डिसेम्बरको अन्त्यसम्म संचालन हुने उक्त परियोजना कार्यान्वयनमा जि. टि. जेड् र इन्क्लुडले सहयोग प्राप्त हुनेछ । सन् २००८ को डिसेम्बर १८ मा युरोपियन कमिसनसंग सम्झौता भई २०६५ माघ ६ गते काठमाडौंमा एक विशेष कार्यक्रमबीच माननीय उद्योगमन्त्री श्रीमती अष्टलक्ष्मी शाक्यबाट यस परियोजनाको औपचारिक शुभारम्भ गर्नुभयो । सो अवसरमा परियोजनाका सहयोगी संस्था युरोपियन युनियनका प्रतिनिधि श्री अलेक्जेन्डर स्पाचीस तथा जि. टि. जेड् इन्क्लुडका प्रतिनिधि श्री होर्स्ट अम्मनको साथै नेपाल हस्तकला महासंघ लगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

नेपाल हाते कागज संघका अनुसार यस परियोजनाबाट हातेकागज क्षेत्रको विकासका लागि खास गरी देहाय बमोजिम कार्य गरिने छ ।

- लोक्ता हाते कागजबाट बनेका वस्तुलाई दिगो तथा वातावर ण मैत्री उत्पादन बनाउन लोक्तालाई उचित तरिकाबाट संकलन गर्ने ।
- लोक्ता हाते कागज उद्योगलाई पर्यावरणका लागि उपयुक्त उद्योगको रुपमा परिचित गराउन पहाडी तथा हिमाली भेगमा हाते कागज उत्पादन गर्दा उचित प्रविधि अपनाउन लगाई उत्पादन लागत घटाउनुका साथै उत्पादित वस्तुको गुणस्तर मा अभिवृद्धि गराउने ।
- पहाडी तथा हिमाली भेगमा क्षेत्रका न्यून आम्दानी भएका ( सीमान्तीकृत) कृषकहरुको आय वृद्धि गराउने ।
- नेपाली हाते कागजको कच्चा पदार्थको दिगो आपूर्तिका लागि लोक्तामा टिस्यु कल्चर प्रविधिको विकास गर्ने
- नेपाली हाते कागजको गुणस्तरीय उत्पादनका लागि हाते कागज क्षेत्रका उद्यमीहरुको क्षमता वृद्धि गर्ने ।
- लघु, साना तथा मझौला उद्योगलाई वातावरणीय दृष्टिले जिम्मेवार व्यवशाय बनाउन मद्दत गर्ने
- नेपाली हाते कागज तथा यसबाट बनेका सामग्रीलाई विश्व बजारमा विस्तार गर्न विभिन्न अन्तर्राष्टिय मेलामा सहभागी हुने र काठमाण्डौमा क्रेता बिक्रेता भेला आयोजना गर्ने ।

साथै हाते कागजको व्यावसायिक विकासका लागि परियोजना अन्तर्गत विभिन्न कार्यक्रमहरु संचालन हुनछन् र यसबाट हाते कागज क्षेत्रका सबै तहका उद्यमी तथा व्यवसायी लाभान्वित हुनेछन् । जसमा नेपाल अधिराज्यका १८ जिल्लाहरुमा ३०,००० सिमान्तकृत कृषकलाई लोक्ता संकलन तरिका सिकाइने छ । हाते कागज क्षेत्रमा संलग्न ३०० भन्दा बढी लघु उद्योगहरुको उत्पादनको लागत कम गर्न, कागजको गुणस्तर वृद्धि एवं उत्पादन क्षमतामा सुधार ल्याउन विशेष कार्यक्रम संचालन गरिने छ । साथै साना तथा मझौला उद्योगलाई परियोजनाको कार्यान्वयबाट हाते कागजजन्य विभिन्न सामग्रीको वस्तु तथा गुणस्तर विकासका साथै डिजाइनमा सुधार ल्याउन सहयोग अपेक्षा गरिएको छ भने वस्तु बजार एवं निकासी प्रबर्द्धनका लागि परियोजना अवधिमा युर ोपियन युनियन अन्तर्गतका राष्टहरुमा आयोजना हुने विभिन्न ८ वटा अन्तर्राष्टिय व्यापार मेलामा व्यवसायी तथा निकासीकर्तालाई सहभागी गराइने समेत कार्यक्रम रहेको जनाइएको छ । हाते कागज तथा कागजजन्य वस्तुको सुलभ उत्पादनमा टेवा पुऱ्याउन टिस्यु कल्चर प्रविधिको विकास गरी लोक्ताको व्यवसायिक खेतिका लागि पनि परियोजनाले पहल गरिने छ । यसर्थ हाते कागज तथा कागजजन्य वस्तु उत्पादन तथा निकासीमा संलग्न उद्यमी व्यवसायीहरुले परियोजनाबाट वाञ्छित लाभ उठाउन समेत सूचित गरिन्छ ।

# छाला जुत्ता तथा वस्तु सम्बन्धी प्रदर्शनी, २०६५

छालाजन्य वस्तु तथा तत् सम्बन्धी स्वदेशी उत्पादनहरुको गुणस्तर तथा ब्राण्ड सम्बन्धी प्रदर्शनी गरी तिनको आन्तरिक एवं बाहय बजार प्रबर्द्धन गर्ने उद्देश्यले प्रत्येक वर्ष छाला जुत्ता तथा वस्तु उत्पादक संघद्वारा छालाजन्य वस्तुको प्रदर्शनी आयोजना गर्दै आएको छ । यसै सिलसिलामा यस महासंघको संस्थागत सदस्य संघ, छाला जुत्ता तथा वस्तु उत्पादक संघको आयोजनामा २०६५ माघ १३ देखि १५ गतेसम्म छाला जुत्ता तथा वस्तु सम्बन्धी छैठौं प्र्दनी काठमाडौंमा सम्पन्न भयो ।

माननीय उद्योग मन्त्री श्री अष्टलक्ष्मी शाक्यले एक कार्यक्रमबीच सो प्रदशनीको उद्घाटन गर्नु भयो । उक्त अवसरमा प्रदर्शनीको उद्देश्यबारे प्रकाश पार्दै संघका अध्यक्ष श्री रामकृष्ण प्रसाईले देशको आर्थिक उन्नति र स्वरोजगारीको अवसर प्रदान गर्न आलाजन्य वस्तुको उद्योगको महत्वपूर्ण योगदान रहेको बताउँदै प्रदर्शनीको माध्यमबाट छालाजन्य वस्तुको उत्पादन वस्तुस्थितिबारे व्यापक प्रचार प्रसार भई यस क्षेत्रको व्यवसायिक प्रबर्द्धन हुने अपेक्षा गर्नुभयो। सो अवसरमा मन्तव्य व्यक्त गर्दै माननीय उद्योग मन्त्रीज्यूले नयाँ औद्योगिक नीतिको घोषणा गरी स्वदेशी उद्योगको प्रबर्द्धन गर्न र लगानी मैत्री वातावरण निर्माण गर्न सरकारले जोड दिने बताउनु भयो । साथै स्वदेशी वस्तुलाई प्रतिस्पर्धी बनाई निर्यात प्रबर्द्धन गर्न छालाजन्य कच्चा पदार्थको सहज आपूर्तितर्फ पनि सरकारले प्राथमिकता दिने बताउनु भयो । उक्त अवसरमा मन्तव्य व्यक्त गदैृ यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले हस्तकला क्षेत्रको समग्र विकासका लागि संस्थागत सदस्य संघहरुको महत्वपूर्ण भूमिका रहने चर्चा गर्दै हस्तकला क्षेत्रको प्रबर्द्धनात्मक गतिविधि संचालन गर्न आवश्यक सहयोग एवं सहकार्य गर्न महासंघले सक्दो सहयोग गर्ने बताउनु भयो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष, नेपाल चेम्बर अफ कमर्सका अध्यक्षले पनि आ-आफ्ना मन्तव्य राख्नु भएको थियो ।

२०६५ माघ १९ गतेसम्म संचालित उक्त प्रदर्शनीमा ४० भन्दा बढी स्टलको व्यवस्था गएिको थियो भने मेलामा ३० भन्दा बढी कम्पनीहरुबाट उत्पादित नयाँ एवं आकर्षक छाला जुत्ता तथा वस्तुहरुको प्रदर्शनी गरिएको थियो । प्रदर्शनी उल्लेख्य संख्यामा उपभोक्ता, क्रेता एवं सम्बन्धित व्यवसायीहरुको उपस्थिति रहेको थियो ।

# ए.बि.सि. संग कलाकर्मी कार्यक्रम

हस्तकला उद्योग, व्यवसाय र यससँग सम्बन्धित विभिन्न संघ संस्था सम्बन्धी समसामयिक गतिविधिहरुबारे र अन्य ताजा जानकारी प्रदान गर्ने उद्देश्यले ब्रेन पावर प्रा.लि.द्वारा ABC F.M. १००.६ मेघाहर्जमा प्रत्येक हप्ता आइतबार दिनको २.०५ बजेदेखि ३.०० बजेसम्म हस्तकला सम्बन्धी ABC संग कलाकर्मी कार्यक्रम नियमित रुपमा संचालन गर्दै आएको छ । अतः उक्त समयमा प्रसारण हुने हस्तकला सम्बन्धी कार्यक्रम श्रवण गरी हस्तकला उद्योग व्यवसाय सम्बन्धी अद्यावधिक जानकारी, सूचना एवं तथ्य विवरण हासिल गरी आफ्नो व्यवसाय प्रबर्द्धन गर्न हुन सम्बन्धित सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गरिन्छ ।

ब्रेन पावर प्रा.लि.द्वारा नेपाल हस्तकला महासंघको प्रायोजनमा प्रसारण हुने यो एक मात्र हस्तकला कार्यक्रम हो । यस सम्बन्धी थप जानकारीका लागि सम्पर्क ठेगाना यस प्रकार छ ।

कार्यक्रम संचालक : श्री किरण बज्राचार्य,
श्री जुनीबज्र बज्राचार्य

फोन : ५०१०५८८,
Email: brainpower2007@gmail.com,
Web: bpower4animation.com

## महासंघको प्रकाशनहरु

| | | |
|---|---|---|
| 1. | The Iconography of Nepalese Buddhism | US$ 10.00 |
| 2. | Short Description of Gods & Goddesses | US$ 03.00 |
| 3. | Product Catalogue (8 Sheets per set) | US$ 03.00 |
| 4. | Artistic Heritage of Nepal | US$ 10.00 |
| 5. | Sacred Art of Nepal | US$ 30.00 |
| | (All price include mailing charges) | |

To

प्रकाशकः

## नेपाल हस्तकला महासंघ

पो.व.नं. ७८४, उपमामार्ग, थापाथली
काठमाडौं, नेपाल
फोन : ४२४३०१५, ४२४४२३१, ४२४५४६७
फ्याक्स: ९७७–१–४२२२९४०
E mail: han @ wlink.com.np
URL: www.nepalhandicraft.org.np

## सम्पादक

देबराज बज्राचार्य, ऋषिराज सुवेदी



CK